नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

**कर्णाली प्रदेशको सुर्खेत जिल्लामा प्रस्तावित कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र सुर्खेत (हाल नेपालगंज) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय-सुझावको लागि आह्वान गरिएको सार्वजनिक सूचना**

प्रकाशित मितिः २०८३/०४/..

श्री कर्णाली प्रदेश प्रहरी कार्यालय प्रस्तावक रहेको कर्णाली प्रदेश प्रहरी तालिम केन्द्र, सुर्खेत (हाल नेपालगञ्ज) आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन श्री गृह मन्त्रालयमार्फत यस मन्त्रालयमा स्वीकृतिका लागि प्राप्त भएको छ।

प्राप्त प्रतिवेदनअनुसार सुर्खेत विमानस्थलबाट करिब ४० किलोमिटर उत्तरपश्चिममा रहने गरी प्रस्तावित यस आयोजना पञ्चपुरी नगरपालिका वडा नं. ८ स्थित दुलालथाईमा रहेको श्री मौरीडाँडा सामुदायिक वन उपभोक्ता समूहको जग्गामा निर्माण गरिनेछ। आयोजनाले सामुदायिक वनको जम्मा १,४०,५१२ वर्ग मि. जग्गामा ९०% खाली क्षेत्र राखी कुल १३,८८६.६३ वर्ग मि. निर्माण क्षेत्रफल भएका संरचनाहरू निर्माण गर्नेछ। प्रस्तावित संरचनाहरूमा प्रतीक्षालय ब्लक, क्वार्टर गार्ड ब्लक, ब्यारेक ब्लक, मेस ब्लक, पाहुना घर, अडिटोरियम हल/बैठक हल, इन्चार्ज क्वार्टर, वरिष्ठ अधिकारी क्वार्टर, शौचालय ब्लक, कक्षा कोठा हल, वेयरहाउस, अस्पताल भवन, पारिवारिक एकाइ, क्यान्टिन, जिम हल, ठूलो बहुउद्देश्यीय हल, सानो बहुउद्देश्यीय हल, सिमुलेसन ब्लकहरू, फोटोग्राफी तथा कम्प्युटर प्रयोगशाला, ई-लाइब्रेरी, तालिम केन्द्र कार्यालय लगायतका संरचनाहरू रहनेछन्। आयोजनाले स्थानीय पानी मुहानबाट दैनिक १,७०,००० लि. पानी प्रयोग गर्नेछ।

वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम यस प्रतिवेदनमा राय-सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन उतार गर्न सक्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय-सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिने क्रममा ती राय-सुझावहरूलाई समेत विचारमा राखेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय-सुझाव भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो राय-सुझाव लिखित रूपमा निम्न ठेगानामा पठाइदिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू:

- श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।
- श्री त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं।
- श्री जिल्ला समन्वय समितिको कार्यालय, वीरेन्द्रनगर, सुर्खेत।
- श्री पञ्चपुरी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बाबियाचौर, सुर्खेत।

राय-सुझाव पठाउने ठेगानाः
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वातावरण प्रभाव अध्ययन शाखा
सिंहदरबार, काठमाडौं।
फोन नं.: ०१-४२११५६७, ४२११९४६;
इमेल: info@mofe.gov.np